काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : २१७ ❐ बुधवार, ६ जेठ, २०८३ ❐ Wednesday, 20 May 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

महावु लेकमा जुटे दुई जिल्लाका स्थानीय तह

दैलेख र कालिकोटका ६ पालिकाद्वारा साझा विकास एजेन्डामा ६ बुँदे प्रतिबद्धता

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, ५ जेठ

दैलेख र कालिकोट जिल्लाका ६ वटा स्थानीय तहका जनप्रतिनिधिहरूले कर्णालीकै प्रसिद्ध पर्यटकीय क्षेत्र महावु लेकमा भेला भएर साझा विकासका मुद्दामा केन्द्रित 'विकास बहस' सम्पन्न गरेका छन्। दैलेखको महावु गाउँपालिका र कालिकोटको महावै गाउँपालिकाको सिमानामा पर्ने महावु लेकमा आयोजित उक्त बहसले दुई जिल्लाबीचको विकास समन्वयलाई नयाँ दिशा दिने अपेक्षा गरिएको छ।

कर्णाली प्रदेशको उच्च पहाडी क्षेत्रमा पर्ने महावु लेक धार्मिक, पर्यटकीय तथा प्राकृतिक दृष्टिले महत्वपूर्ण गन्तव्य मानिन्छ। महावुकै नामबाट दैलेख र कालिकोटका दुई स्थानीय तहको नामकरणसमेत गरिएको छ। पछिल्ला वर्षहरूमा महावु क्षेत्रलाई पर्यटन र पूर्वाधार विकाससँग जोडेर अगाडि बढाउने बहस भइरहेका बेला पहिलोपटक विभिन्न पालिकाका जनप्रतिनिधिहरू एउटै थलोमा भेला भएर साझा विकासका मुद्दामा छलफल गरेका हुन्।

कार्यक्रममा दैलेखको महावु गाउँपालिका, नौमुले गाउँपालिका र नारायण नगरपालिकाका प्रमुख तथा प्रतिनिधिहरू सहभागी थिए। यस्तै कालिकोटबाट महावै गाउँपालिका, तिलागुफा नगरपालिका र खाँडाचक्र नगरपालिकाका जनप्रतिनिधिहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा कर्णाली प्रदेशसभाकी उपसभामुख यशोदा न्यौपाने प्रमुख अतिथिका रूपमा सहभागी भएकी थिइन्।

उपसभामुख न्यौपानेका अनुसार बहसमा सडक, पर्यटन, सुरक्षा, पूर्वाधार विकास, अन्तरजिल्ला समन्वय तथा



आर्थिक सम्भावनासँग सम्बन्धित विषयमा विस्तृत छलफल भएको थियो। स्थानीय तहहरूबीच समन्वय गरेर साझा विकासका एजेन्डा अघि बढाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो, उनले भनिन्, महावु क्षेत्रलाई धार्मिक तथा पर्यटकीय केन्द्रका रूपमा विकास गर्न सबै स्थानीय तह एकजुट देखिएका छन्।

बहसपछि सहभागी स्थानीय तहहरूले ६ बुँदे साझा प्रतिबद्धता सार्वजनिक गरेका छन्। प्रतिबद्धतामा सबैभन्दा महत्वपूर्ण विषय महावु लेक-नाम्म सडकखण्डको ट्यार्क खोल्ने र स्तरोन्नति गर्ने विषय रहेको छ। हाल संघीय सरकारको बहुवर्षीय योजनाअन्तर्गत बाँकेको जमुनाहदेखि सुर्खेत, दैलेख हुँदै कालिकोटको नाम्म र मुगुसम्म सडक विस्तारको काम भइरहे पनि महावु लेकदेखि नाम्मसम्मको खण्ड अझै पूर्ण रूपमा खुल्न सकेको छैन। स्थानीय तहहरूले उक्त सडकखण्ड निर्माणका लागि संघीय सरकारसँग आवश्यक बजेट माग गर्ने निर्णय गरेका छन्।

त्यस्तै, दैलेख र कालिकोटको सिमानामा रहेको प्रसिद्ध धार्मिक स्थल महावै धामको विकास र प्रवर्द्धनका लागि पूर्वाधार निर्माणमा जोड दिने निर्णय गरिएको छ। भौगोलिक विकटताका कारण ओझेलमा परेको महावै धामलाई धार्मिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा विकास गर्न डीपीआर तयार गरी सह-लगानीमा काम अगाडि बढाइने जनाइएको छ।

बैठकले दुई जिल्लाबीच शान्ति सुरक्षा, अपराध नियन्त्रण, चोरी-निकासी नियन्त्रण तथा विपद् व्यवस्थापनमा पनि समन्वय गर्ने निर्णय गरेको छ। साथै दैलेखको भैरवी गाउँपालिका-१ जलजले क्षेत्रमा पेट्रोलियम पदार्थ उत्खननको अनुसन्धान सम्पन्न भए पनि उत्पादन प्रक्रिया सुरु हुन नसकेको भन्दै त्यसलाई तत्काल अगाडि बढाउन संघीय सरकारसँग माग गर्ने निर्णय गरिएको छ।

यस्तै कालिकोटको गाल्ने-चिलखाया-उडु हुँदै दैलेखको नौमुलेबाट सुर्खेत जोड्ने सडक निर्माणका लागि पनि बजेट विनियोजनको माग गरिएको छ। सहभागी जनप्रतिनिधिहरूले कर्णालीका दुर्गम क्षेत्रको विकासका लागि स्थानीय तहहरूबीच सहकार्य अपरिहार्य भएको बताएका छन्। स्थानीय तहहरूले संयुक्त रूपमा विकासका साझा मुद्दा उठाएको यो पहिलालाई कर्णालीमा अन्तरपालिका सहकार्यको नयाँ अभ्यासका रूपमा समेत हेरिएको छ। जनप्रतिनिधिहरूले अब विकासका सवालमा राजनीतिक र भौगोलिक सीमाभन्दा माथि उठेर साझा हितका मुद्दामा एकजुट हुनुपर्ने धारणा राखेका छन्।

प्रधानन्यायाधीश शर्माले लिए शपथ

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ५ जेठ

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नवनियुक्त प्रधानन्यायाधीश डा. मनोजकुमार शर्माले पद तथा गोपनीयताको शपथ लिएका छन्। मंगलबार राष्ट्रपति कार्यालयमा आयोजित विशेष समारोहमा राष्ट्रपतिसमक्ष उनले शपथ ग्रहण गरेका हुन्।

संवैधानिक परिषद्को २०८३ वैशाख २४ गतेको निर्णय बमोजिम नेपालको प्रधानन्यायाधीश पदमा नियुक्तिको लागि सिफारिस भएका सर्वोच्च अदालतका न्यायाधीश डा. शर्मालाई संसदीय समितिले मंगलबार सर्वसम्मत अनुमोदन गरे लगत्तै उनी प्रधानन्यायाधीश नियुक्त भएका हुन्।

प्रधानन्यायाधीशको नियुक्ती लगत्तै उनले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका थिए। राष्ट्रपति कार्यालयमा आयोजित शपथ ग्रहण समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री वालेन्द्र शाह, सभामुख डोलप्रसाद अर्याल, राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालसँगै कुटनीतिक नियोगका प्रमुख र विशिष्ट कर्मचारीलगायतको उपस्थिति थियो।

विस्थापित सुकुम्वासीलाई २५ हजार एकमुष्ट दिने सरकारको निर्णय,

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ५ जेठ

सरकारले काठमाडौं उपत्यकाबाट विस्थापित भएका सुकुमबासीका लागि एकमुष्ट २५ हजार खर्च उपलब्ध गराउने निर्णय गरेको छ।

मंगल बसेको मन्त्रिपरिषद् बैठकले उनीहरूको विवरण रुजु गरी प्रति परिवार पुनस्थापना खर्चबापत सो रकम दिने निर्णय गरिएको प्रवक्ता सस्मित पोखरेलले बताए।

त्यस्तै वैकल्पिक बसोबासको व्यवस्था आफैं गर्न ५ सदस्य भएको परिवारलाई प्रति महिना १५ हजार र सोभन्दा बढी सदस्य भएकालाई प्रतिसदस्य थप २ हजारका दरले हाललाई ३ महिनाका लागि बसोबास व्यवस्थापन खर्च उपलब्ध गराइने भएको छ।

वृद्ध, असहाय र अपाङ्गलगायत आफ्नो व्यवस्थापन गर्न नसक्ने परिवारलाई तोकिएको होल्डिङ सेन्टरमा व्यवस्था गर्ने र बालबालिका, विद्यार्थीको पठनपाठन र स्वास्थ्य सेवा स्थानीय तहसँगको समन्वयमा व्यवस्था गर्ने निर्णय भएको पोखरेलले बताए।

सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार

- सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
- सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
- अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
- सूचनाको हक सुनिश्चित गरौं,
- भ्रष्टाचार र अनियमितता पूर्ण रूपमा निषेध गरौं,
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
- प्रविधिमैत्री सेवा विस्तार गरौं,
- जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

आयुर्वेद अस्पतालमा बिरामी संख्या बढ्यो, भवन निर्माण अलपत्र

❐ काँक्रेविहार संवाददाता

वीरेन्द्रनगर, ५ जेठ

वीरेन्द्रनगर नगरपालिका चार स्थित प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रमा आयुर्वेद उपचारप्रति बिरामीको आकर्षण पछिल्लो समय उल्लेखनीय रूपमा बढ्दै गएको छ।

प्राकृतिक चिकित्सा पद्धतिबाट रोगको उपचार सहज र सुलभ हुने विश्वाससँगै सेवा लिन आउने बिरामीको संख्या निरन्तर वृद्धि भइरहेको अस्पतालले जनाएको छ। तर अस्पतालको सेवा विस्तार भइरहे पनि नयाँ भवन निर्माण कार्य भने चार वर्षदेखि अलपत्र अवस्थामा रहेको छ।



संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय सुर्खेत मार्फत निर्माण भइरहेको १५ शैय्याको भवन समयमै सम्पन्न नहुँदा सेवा प्रवाहमा समस्या देखिएको छ।

करिब १८ करोड २२ लाख रुपैयाँ लागतको उक्त भवन २०७८ सालमा निर्माण सुरु भए पनि हालसम्म ५० प्रतिशतभन्दा कम काम मात्र सम्पन्न भएको छ।

निर्माणको जिम्मा पाएको कम्पनीले ढिलासुस्ती गर्दा पुरानो र साँघुरो भवनबाट सेवा दिनुपरेको अस्पताल प्रशासनले जनाएको छ।

समयमै काम नसकिँदा सेवा विस्तार, बिरामी व्यवस्थापन र उपचार सुविधामा चुनौती थपिएको अस्पतालका निर्देशक डा. लक्ष्मीनारायण तिवारी ले बताए।

बाँकी पृष्ठ २

सम्पादकीय

बालबालिकाको विकास भाषणमै सीमित नगर

राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको नेपाल बहुसूचक सर्वेक्षण २०८१/०८२ ले कर्णाली प्रदेशको स्वास्थ्य, पोषण र बालअधिकारको अवस्था अझै चिन्ताजनक रहेको स्पष्ट देखाएको छ । संघीयता कार्यान्वयनपछि स्वास्थ्य संस्था विस्तार, बजेट वृद्धि र विभिन्न कार्यक्रम सञ्चालन भए पनि बालमृत्युदर, कुपोषण, किशोरी प्रजनन र बालविवाहजस्ता सूचकमा कर्णाली अझै राष्ट्रिय औसतभन्दा धेरै पछाडि छ । यो केवल तथ्यांकको विषय होइन, राज्यको पहुँच, सेवा र प्राथमिकताको वास्तविक अवस्था पनि हो ।

सर्वेक्षणअनुसार कर्णालीमा प्रति एक हजार जीवित जन्ममा २२ नवजात शिशुको मृत्यु हुने गरेको छ । पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर ३८ पुगेको छ, जुन राष्ट्रिय औसतभन्दा निकै उच्च हो । स्वास्थ्य संस्थाको पहुँच विस्तार भएको दाबी गरिए पनि दुर्गम बस्तीका गर्भवती महिला र नवजात शिशुले अझै समयमै उपचार पाउन सकेका छैनन् । जाजरकोट, मुगु, हुम्ला, डोल्पा र कालिकोटजस्ता जिल्लामा विशेषज्ञ चिकित्सक अभाव, उपकरणको कमी र आकस्मिक उद्धार प्रणाली कमजोर हुँदा सामान्य स्वास्थ्य समस्या पनि ज्यान जाने अवस्थासम्म पुग्ने गरेको छ ।

कर्णालीमा कुपोषणको अवस्था पनि उत्तिकै गम्भीर छ । उमेरअनुसार उचाइ कम भएका बालबालिका ३६ प्रतिशतभन्दा बढी हुनु भविष्यको मानव विकासकै लागि चुनौती हो । कुपोषण केवल खानाको अभाव होइन, गरिबी, स्वास्थ्य चेतना, सरसफाइ र सेवा पहुँचसँग जोडिएको विषय हो । त्यसमाथि बालश्रम, किशोरी प्रजनन र बालविवाहका सूचक पनि कर्णालीमै सबैभन्दा बढी देखिनु झन् चिन्ताको विषय हो । १८ वर्षअघि विवाह गर्ने महिलाको प्रतिशत ४१ पुगेको छ । यसले शिक्षा, स्वास्थ्य र सामाजिक चेतनाको अवस्था अझै कमजोर रहेको पुष्टि गर्छ ।

यद्यपि केही सकारात्मक पक्ष पनि देखिएका छन् । संस्थागत प्रसूति, जन्मदर्ता र पूर्वप्रसूति जाँचको दरमा सुधार आएको छ । पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता दर देशकै उच्च हुनु उत्साहजनक उपलब्धि हो । तर केवल केही सूचक सुधारिँदैमा समग्र अवस्था सन्तोषजनक भन्न मिल्दैन । जबसम्म दुर्गम बस्तीका नागरिकले सहज स्वास्थ्य सेवा, पोषण, गुणस्तरीय शिक्षा र सुरक्षित बाल्यकाल पाउँदैनन्, तबसम्म विकासका नाराले मात्र वास्तविक परिवर्तन सम्भव हुँदैन ।

कर्णालीमा अहिले आवश्यक कुरा नयाँ घोषणा होइन, प्रभावकारी कार्यान्वयन हो । स्वास्थ्य चौकी भवन बनाउनु मात्र पर्याप्त हुँदैन, त्यहाँ दक्ष जनशक्ति, औषधि र उपकरण पनि हुनुपर्छ । बालविवाह रोक्ने कानुन बनाउनु मात्र होइन, समुदायस्तरमा सचेतना र आर्थिक सशक्तीकरण पनि आवश्यक छ । कुपोषण अन्त्यका लागि खाद्य सुरक्षा, कृषि र स्वास्थ्य कार्यक्रमलाई एकसाथ जोड्नुपर्छ । तथ्यांकले कर्णालीको पीडा देखाएको छ, अब सरकारले समाधान देखाउनुपर्छ । होइन भने हरेक वर्ष यस्तै प्रतिवेदन आउँदै जानेछन् र कर्णालीका बालबालिका विकासका भाषणमै सीमित भइरहनेछन् ।

सुकुम्बासीसँग राज्यले गरेको बाचा तोड्न पाइँदैन



✍ माजिद अन्सारी

सरकारले खाली गराएको विष्णुमती खोला किनारको सुकुम्बासी बस्तीमा एक ज्येष्ठ नागरिक दम्पती हुनुहुन्थ्यो । उहाँहरूको भिडिओ पनि भाइरल बन्यो ।

उहाँहरू भन्दै हुनुहुन्थ्यो, 'हामीलाई महाराजाधिराज सरकारले बसाएको हो । महाराजाधिराज सरकारले उठेर जा भन्नुभयो भने हामी जान्छौं ।'

उहाँको भनाइ बुझ्दा महाराजाधिराज सरकार भनेका राजा महेन्द्र हुनुहुन्थ्यो । त्यति बेला गाउँघरमा जो राजालाई मनपर्थ्यो, वा राजाको नजरमा 'डिजर्भ्स बेटर' भन्ने लाग्थ्यो, त्यो मान्छेलाई राजधानी ल्याएर खोला किनारामा बसाइदिने चलन रहेछ ।

त्यसयता लगातार एक किसिमको पुनर्वास चलिरहेकै छ । पहाडबाट मानिसहरू झरेर तराई-मधेसमा गएका छन् भने तराई-मधेसको पनि आफ्नै समस्या छ ।

त्यसैले सुकुम्बासीको विषयलाई ५-१० वर्षको परिधिभित्र राखेर मात्र हेर्न र बुझ्न सकिँदैन ।

सरकारकै तथ्यांक अनुसार नेपालभरि १२ लाखभन्दा बढी भूमिहीन सुकुम्बासी र भूमिहीन दलितहरू छन् । १२ लाख भनेको सानो संख्या होइन । त्यसैले १२ लाख जनालाई छुने मुद्दा पनि सानो होइन । यति ठूलो मुद्दा सम्बोधन गर्दा हामीले यसको गम्भीरतालाई ख्याल गर्नुपर्छ ।

म यहाँ दुईवटा प्रतिनिधि घटना उल्लेख गर्न चाहन्छु ।

एउटा घटना सुस्ताको बाढीसँग सम्बन्धित छ ।

सुस्तामा बाढी आइसकेपछि त्यहाँका मानिस विस्थापित भए । ती विस्थापित मानिसहरू नेपालका थुप्रै ठाउँमा छरिनुको सट्टा काठमाडौं उपत्यकामा आएका थिए । उनीहरू यहाँका विभिन्न खोला किनारामा बसिरहेका थिए ।

आज उनीहरू सुस्ता फर्केर जाने हो भने त्यहाँ छिमेकीहरूले कब्जा गरेर बसेका छन् । जान सक्ने अवस्था छैन । जग्गा त छ, तर त्यो जग्गा उपभोग गरेर बस्न सक्ने अवस्था छैन ।

कानुनले भूमिहीन मात्रै भनेर समस्या समाधान हुँदैन । भूमि छ, तर त्यो भूमिबाट गरिखाने स्थिति नै छैन । जस्तो, हाम्रा माननीय आशिका तामाङले संसदीय समिति बैठकमा भन्नुभएको थियो, 'माथि टुप्पोमा एउटा घर रहेछ, त्यहाँ जान मलाई ६ घन्टा लाग्ने रहेछ । ६ घन्टा हिँडेर पुग्ने ठाउँमा बसे पनि उपार्जन हुने अवस्था केही पनि छैन ।'

उहाँले भनेजस्तै, जग्गा हुँदाहुँदै पनि यदि त्यो जग्गा प्रयोजनहीन छ भने त्यस्ता व्यक्ति अन्य ठाउँमा गएर बसोबास गर्न थालेका हुन सक्छन् । सुकुम्बासी मुद्दालाई हामीले यो दृष्टिबाट पनि हेर्नुपर्छ ।

दोम्रो, १० वर्षे माओवादी सशस्त्र युद्ध चल्यो । त्यो समय घरघरमा गएर 'कांग्रेस हो' भन्दै खोजी खोजी मारिन्थ्यो । जस्तो, म मोरङको कर्सिया बजारबाट आएको हुँ । त्यहाँ एक जना कांग्रेस नेता नवाबलाल राजवंशीलाई दिउँसै गोली हानेर हत्या गरिएको थियो, कांग्रेस भएकै कारण ।

माओवादीको युद्धमा पनि जग्गा त थिए, तर ती जग्गामा उब्जनी हुँदैन थियो । किनभने, सरकारले मल पुऱ्याइदिँदैन थियो । जग्गा छ तर त्यो जग्गामा खेती गऱ्यो भने त्यो खेतीबाट जिउनका लागि पुग्दैन थियो । जिउन सक्ने स्थिति नहुँदा उनीहरू थुप्रै ठाउँबाट बसाइ सरेर नेपालका नदी किनारहरूमा गए, जहाँ कसैको पनि दाबा थिएन ।

अव्यवस्थित बसोबासीको परिभाषा भूमिसम्बन्धी ऐन २०२१ को दफा दफा ५२ को क, ख, ग ले दिएको छ ।

दफा ५२ ले यदि कसैको जग्गामा १० वर्षसम्म कुनै आबादी, आवास वा कमोत गरेको छ भने उसलाई एक पटकका लागि जग्गा उपलब्ध गराउने, तर पहिल्यै कुनै ठाउँमा जग्गा छ भने कम मात्र जग्गा उपलब्ध गराउने भनिएको छ । यो कानुन आज बनेको होइन, ३०-४० वर्षदेखिको हो ।

हामीले ऐतिहासिक रूपमा हेर्ने हो भने राज्यले ग्रामीण क्षेत्रका थुप्रै बासिन्दालाई सुरक्षा दिन सकेन । जिउज्यानको ग्यारेन्टी गर्न सकेन । कति बेला माओवादीले मारिदेला भन्ने डर थियो, कतिबेला सेना आएर माओवादीको सुराकी भनेर मारिदेला भन्ने डर थियो । तिनै डरले उनीहरू भागेर काठमाडौं आए ।

अहिले हाम्रो संसदमा थुप्रै यस्ता माननीय सांसदहरू हुनुहुन्छ, जो भन्नुहुन्छ- गाउँमा खेतीपाती पाखो राख्ने अनि काठमाडौं आएर बस्ने!

एकपटक उहाँहरूलाई गाउँ लगेर देखाउनुपर्छ – गाउँ कस्तो छ? सरकारले कस्तो बनाएको छ? मल कहिले पुऱ्याइरहेको छ?

यसो भनिरहँदा मैले हिजोका कांग्रेस, एमाले, माओवादीका गल्तीलाई जस्टिफाई गरेको होइन । उनीहरू गलत थिए, त्यसैले नेपाली जनताले सजाय पनि दिइसकेका छन् । तर उनीहरूले हिजो गल्ती गरे, त्यसैले रास्वपा वा अरूले पनि आज गल्ती गर्न पाउँछन् भन्ने भाष्य चिर्न जरूरी छ ।

राज्यको जहिले पनि अविच्छिन्न उत्तराधिकार हुन्छ । हिजोको राज्यको गल्ती आजको राज्यको गल्ती हो । हिजोको राज्यको उपलब्धि आजको राज्यको उपलब्धि हो । म हिजोको राज्यको उपलब्धि मात्रै लिन्छु, हिजोको राज्यको गल्ती लिन्न भन्न पाइँदैन । त्यो लिनुहुन्न भने सरकारमै आउनु भएन, सरकारमा आइसकेपछि जिम्मा त लिनैपर्छ ।

राज्यले २०-३० वर्षदेखि भूमिहीन सुकुम्बासीसँग, भूमिहीन दलितसँग, अव्यवस्थित बसोबासीसँग एकै ठाउँमा १० वर्षदेखि बसेकाहरूलाई एक पटकका लागि व्यवस्थापन गर्छौं भनेर प्रतिबद्धता गर्दै आएको छ । हिजो राज्यले गरेको त्यो प्रतिबद्धता आज पनि ग्रहण हुनैपर्छ ।

कतिले 'टुँडिखेलमा घर बनाएर बस्न मन छ' भन्ने जस्ता भद्दा मजाक गरेका सुनिन्छन् । तर त्यो कानुन टुँडिखेल वा सिंहदरबारमा घर बनाउका लागि होइन । जो मानिस १० वर्षभन्दा बढी समय एकै ठाउँमा बसेको छ, उनीहरूको व्यवस्थापनका लागि हो ।

मानिस एक ठाउँमा बसेपछि त्यहाँको इको-सिस्टमसँग भिजिसकेको हुन्छ । हाउजिङ हेरिटेज, जीविकोपार्जन, सांस्कृतिक उत्सव, धर्म, परम्परा सबैसँग जोडिएको हुन्छ । बालबच्चा पढिरहेका हुन्छन्, रोजगारीको स्रोतसँग सम्बन्ध गाँसिएको हुन्छ । त्यसैले आज आएर कानुनले दिन्थ्यो, अब दिन्नँ, उठेर जाऊ भन्न पाइँदैन । त्यसका लागि डिप्लोम्याटिक र व्यवस्थित समाधान गर्नुपर्छ ।

अहिले तपाईंहरू सुन्नुहुन्छ – जग्गा नभएको, नाकमा बुलाकी लगाउन नसक्ने, कानमा ५० रूपैयाँ पर्ने गहना पनि लगाउन नसक्नेलाई मात्र सुकुम्बासी भन्ने न्यारेटिभ बनाइएको छ । जबकि यो नेपालको परम्परा, प्रचलन र संस्कृति माथिको ठूलो उपहास हो ।

एउटा गरिब मान्छेले नाकमा लगाउन फूली भए पनि सुन भए पनि जोड्न चाहन्छ । छोरीको बिहे हुन लागेको छ भने यति भए पनि सुन लिएर जानुपर्छ है भन्ने नेपालको संस्कृतिसँग जोडिएको विषय हो । तर त्यसलाई पनि भद्दा मजाकको विषय बनाइयो । त्यो मजाकलाई मिडियाले निर्लज्जतापूर्वक देखाए ।

सुकुम्बासीहरूको मजाक गरिँदा हामीले सोच्नुपर्छ, यिनीहरूलाई भूमिहीन कसले बनायो? सुकुम्बासी कसले बनायो? यो राज्यको नीतिले बनाएको होइन? हिजो बिर्ता दिने नीतिले बनाएको होइन? हिजो जमिनदारी प्रथा अन्त्य नगरी लामो समयसम्म पोसेर राखिएकाले यो समस्या उब्जेको होइन?

यदि हो भने राज्य र समाजले यसलाई त्यही रूपमा ग्रहण गर्न पर्छ कि पर्दैन?

यति मात्र होइन, २०२१ सालको भूमिसम्बन्धी ऐनले हदबन्दी लगायो, तर त्यो हदबन्दी कसरी लगायो? त्यसमा रैथानेहरूको जग्गा खोसियो । जो टाठा-बाठा, राज्यमा पहुँच भएका मानिसहरू थिए, उनीहरूलाई समय दिइयो । तिम्रो व्यक्तिगत जग्गा गुठीमा परिणत गऱ्यौ भने तिमीमाथि हदबन्दी लाग्दैन, उद्योग वा कृषिमा प्रयोग गऱ्यौ भने पनि लाग्दैन भनेर समय दिइयो ।

४५ लाखको ब्याडमिन्टन कवर्ड हल निर्माण सुरू

काँक्रेविहार संवाददाता

सल्यान, ५ जेठ

जिल्लाको बागचौर नगरपालिका मा खेलकुद पूर्वाधार विकासलाई प्राथमिकता दिँदै ४५ लाख रुपैयाँ लागतमा ब्याडमिन्टन कवर्ड हल निर्माण कार्य सुरु गरिएको छ ।

नगरपालिकाको वडा नं. दुई बागचौरमा निर्माण हुन लागेको उक्त हलले स्थानीय खेलकुद गतिविधिलाई थप व्यवस्थित र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।

युवाहरूलाई खेलकुदतर्फ आकर्षित गर्ने, स्थानीय स्तरमै खेल प्रतिभाको पहिचान तथा विकास गर्ने र खेल गतिविधिका लागि आवश्यक पूर्वाधार उपलब्ध गराउने उद्देश्यले कवर्ड हल निर्माण थालिएको नगरपालिकाले जनाएको छ ।

विशेषगरी ग्रामीण क्षेत्रमा खेलमैदान



र आधुनिक खेल संरचनाको अभाव भइरहेका बेला यस्तो पूर्वाधार निर्माणले खेल क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ ।

कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा निर्माण हुन लागेको कवर्ड हलको मङ्गलबार एक कार्यक्रमका बीच शिलान्यास गरिएको हो ।

शिलान्यास कार्यक्रममा प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री भीमप्रकाश शर्मा, प्रदेशसभा सदस्य लक्ष्मी सुनार, नगरप्रमुख जनकराज गौतम, उपप्रमुख सुम्निमा डि.सी वली लगायत जनप्रतिनिधि, कर्मचारी, खेलप्रेमी तथा स्थानीयवासीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्दै वक्ताहरूले खेलकुदको समग्र विकासका लागि पूर्वाधार निर्माण अपरिहार्य रहेको बताएका थिए । उनीहरूले ग्रामीण क्षेत्रमा कवर्ड हल, खेलमैदान तथा अन्य खेल संरचना निर्माण हुँदा युवाहरूमा खेलप्रति आकर्षण बढ्ने, अनुशासित र स्वस्थ समाज निर्माणमा सहयोग पुग्ने तथा नयाँ खेल प्रतिभा उत्पादनका लागि आधार तयार हुने धारणा राखेका थिए ।

वक्ताहरूले स्थानीय तहमा पर्याप्त खेल पूर्वाधार निर्माण गर्न सके जिल्ला तथा प्रदेशस्तरका प्रतियोगिता सञ्चालन गर्न सहज हुने र यसले खेल पर्यटनको सम्भावनासमेत बढाउने उल्लेख गरे । उनीहरूको भनाइमा पछिल्लो समय युवाहरूमा बढ्दो कुलत र बेरोजगारी समस्यालाई न्यूनीकरण गर्न खेलकुद प्रभावकारी माध्यम बन्न सक्छ ।

आयुर्वेद...

यसैबीच अस्पतालमा बिरामीको चाप उल्लेखनीय रूपमा बढेको छ ।

मेडिकल रेकर्ड अनुसार चालु आर्थिक वर्षको पछिल्लो १० महिनामा १४ हजार ९ सय ४३ जनाले सेवा लिएका छन्, जबकि अघिल्लो वर्ष सोही अवधिमा १२ हजार तिन सय ६५ जनाले सेवा लिएका थिए ।

अस्पतालले पेट, नसासम्बन्धी समस्या, पायल्स, फिस्टुला, बाथ तथा हड्डी दुखाइका बिरामीको उपचार बढी हुने गरेको जनाएको छ । साथै फिजियोथेरापी, पञ्चकर्म, क्षारसूत्र शल्यक्रिया लगायतका सेवाप्रति पनि बिरामीको आकर्षण बढ्दै गएको छ ।

अस्पतालले २३ प्रकारका आयुर्वेदिक औषधि निःशुल्क उपलब्ध गराउँदै आएको
छ । सार्वजनिक बिदाका दिनमा समेत अन्तरंग सेवा सञ्चालन गरिँदै आएको छ । बिरामीलाई सेवा निरन्तरता दिन ओपीडी र आईपीडी सेवा नियमित रूपमा सञ्चालन गरिएको अस्पतालले जनाएको छ । तर जनशक्ति र संरचनाको अभावका कारण ३० शैय्याको मान्यता भए पनि हाल १२ शैय्यामा मात्र सेवा दिन बाध्य भएको अस्पताल प्रशासनले जनाएको छ । सेवा विस्तारका लागि भवन निर्माण शीघ्र सम्पन्न गर्न आवश्यक रहेको अस्पतालले जोड दिएको छ ।

अस्पतालका नर्सिङ अधिकृत कृष्णा खनाल का अनुसार बिदाको दिनमा समेत सेवा सञ्चालनले बिरामीलाई ठूलो राहत पुगेको छ । त्यस्तै सूचना अधिकारी श्रीराम आचार्य ले पायल्स, फिस्टुला जस्ता रोगको प्रारम्भिक चरणमै उपचार गरे जटिल समस्या हुन नपाउने भन्दै सचेत रहन आग्रह गरे ।

अस्पतालले आयुर्वेद तथा प्राकृतिक चिकित्सा पद्धतिको प्रचारप्रसारका लागि स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको छ । तर दीर्घकालीन रूपमा
सेवा प्रभावकारी बनाउन भौतिक संरचना निर्माण र जनशक्ति व्यवस्थापन अत्यावश्यक रहेको सरोकारवालाहरूको भनाइ छ ।

विपद् तयारी र बजेट व्यवस्था



काँक्रेविहार संवाददाता

जुम्ला, ५ जेठ

मनसुनजन्य जोखिम न्यूनीकरणका लागि “मनसुन तथा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८३” अनुमोदन गरिएको छ। सोमबार बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले जिल्लास्तरीय पूर्वतयारी तथा प्रतिकार्य योजना औपचारिक रूपमा पारित गरेको हो।

जिल्लाका सबै आठै स्थानीय तहले विपद् अवस्थामा जनधनको क्षति कम गर्न तथा राहत र उद्धार कार्यलाई प्रभावकारी बनाउन बजेट, सामग्री, तालिमप्राप्त जनशक्ति र कार्ययोजना सहित प्रतिकार्य योजना तयार गरेका छन्।

दीपक पौडेल को सक्रियतामा जिल्लाका सबै पालिका योजनाबद्ध रूपमा विपद् व्यवस्थापनमा जुटेका छन्। यद्यपि केही पालिकाले विपद् कोषमा बजेट विनियोजन नगरेको पाइएको छ।

विपद्को उच्च जोखिममा रहेको चन्दननाथ नगरपालिका मा भने औपचारिक विपद् कोष नै नभएको बताइएको छ। यसैबीच तातोपानी गाउँपालिका ले विपद् कोषमा सबैभन्दा बढी ५८ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छ। त्यस्तै गुठिचौर गाउँपालिका ले नौ लाख, सिंजा गाउँपालिका ले १५ लाख र जिल्ला विपद् व्यवस्थापन समितिमा १३ लाख ४१ हजार छ सय ८५ रुपैयाँसहित झण्डै ९८ लाख रुपैयाँ बराबरको विपद् कोष खडा भएको छ।

अन्य पालिकाहरू हिमा गाउँपालिका, तिला गाउँपालिका, कनकासुन्दरी गाउँपालिका र पातारासी गाउँपालिका मा विपद् कोष भए पनि बजेट विवरण भने स्पष्ट नभएको जनाइएको छ।

विगतका वर्षमा बेमौसमी वर्षा र बाढीपहिरोबाट ठूलो क्षति व्यहोरेपछि जुम्लामा पछिल्ला वर्षहरूमा विपद् पूर्वतयारीलाई प्राथमिकतामा राखिएको छ।

विशेषगरी २०७९ सालको बाढीपहिरोपछि जिल्लामा विपद् व्यवस्थापनमा सक्रियता बढेको बताइएको छ। तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाँईले प्रतिकार्य योजना मात्र नभई स्थलगत अनुगमन र प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताए। उनका अनुसार खाद्यान्न तथा आवश्यक सामग्रीको मौज्दातसमेत राखिएको छ र विपद् कोषमा कुनै कन्जुस्याइँ नगरिएको छ।

त्यस्तै चन्दननाथ नगरपालिकाका प्रमुख राजुसिंह कठायत ले विपद् जोखिम उच्च भए पनि एकल प्रयासले मात्र सम्भव नहुने भन्दै समन्वय र सहकार्य आवश्यक रहेको बताए।

प्रमुख जिल्ला अधिकारी पौडेलले विपद् व्यवस्थापन तथा राहत-उद्धार कार्यमा शून्य सहनशीलता अपनाइने बताउँदै अवैध नदीजन्य पदार्थ उत्खनन नियन्त्रणमा कडाइ गरिने जानकारी दिए।

गृह मन्त्रालय र विपद् प्राधिकरणको निर्देशनअनुसार योजना निर्माण गरी कार्यान्वयनमा पठाइएको पनि उनले बताए।

विपद् व्यवस्थापनमा नेपाल रेडक्रस सोसाइटी, पेश नेपाल र किर्डाक नेपाललगायत संस्थाहरूले समेत सहयोग गर्दै आएका छन्।

स्थानीय सरकार, नागरिक अगुवा तथा दातृ निकायको सहकार्यमा यस वर्ष विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाउने सहमति भएको छ।

नागरिकको जीवनस्तर सुधार्न अर्थमन्त्रीले प्रस्तुत गरेका पाँच आधार



काँक्रेविहार संवाददाता

काठमाडौं, ५ जेठ

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने गरी आगामी आर्थिक वर्षको बजेटका प्राथमिकता निर्धारण गरिएको बताएका छन्।

प्रतिनिधि सभाको बैठकमा आगामी आर्थिक वर्षको बजेटका सिद्धान्त र प्राथमिकताबारे सांसदले उठाएका प्रश्नको उत्तरमा अर्थमन्त्री वाग्लेले नागरिकको जीवनस्तरमा गुणात्मक सुधारका लागि बजेट आउने बताएका हुन्। उनले यसका लागि सरकारले पाँच वटा मार्गदर्शक सिद्धान्त अघि सारेको बताए।

त्यसकै आधारमा तय गरिएका प्राथमिकतामा रहेर बजेट आउने उनले बताए।

पहिलो सुशासनको लाभांस सरकारले सुशासनलाई केन्द्रमा राखेर काम गर्न सुरु गरेको बताए। सुशासनविना आर्थिक सुधार नहुने उनको जिकिर थियो।

‘सिस्टम सुधारमार्फत आर्थिक सुधारको बाटोमा अघि बढेको हो,’ अर्थमन्त्री वाग्लेले भने, ‘राज्य नीति र सार्वजनिक संस्थालाई कब्जामा लिएर सीमित समूहको मिलेमतोमा देश दोहने प्रवृतिलाई अव संरक्षण गरिदैन। गलतलाई गलत भन्न र रोक्न सरकार पछि हट्दैन।’

दोस्रो, अर्थतन्त्रको पुनर्संरचना। आगामी आर्थिक वर्षको बजेटमार्फत अर्थतन्त्रको पुनर्संरचना गर्नेगरी काम सुरुवात गरिने बताए। अहिलेको अर्थतन्त्रले नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउन नसकेको उनको भनाइ थियो।

तेस्रो, एकीकृत पूर्वाधार। सरकारले अब एकीकृत पूर्वाधारमा जोड दिने उनले बताए। त्यसैलाई ध्यानमा राखेर बजेटमा पनि व्यवस्था हुने उनको भनाइ थियो।

चौथो, सामाजिक लगानी। आगामी आर्थिक वर्षको बजेटमार्फत सामाजिक लगानीलाई जोड दिइने उनले बताए। सामाजिक न्यायलाई ध्यानमा राखेर यो अवधारणा अघि सारिएको उनको भनाइ थियो।

पाँचौ, बहुआयामिक अन्तर्राष्ट्रिय सम्बन्ध र सौम्य शक्ति सुदृढिकरण। सरकारले बहुआयामिक अन्तर्राष्ट्रिय सम्बन्धमा जोड दिने बताए। नेपालको सौम्य शक्तिलाई सुदृढिकरण गर्न आगामी आर्थिक वर्षको बजेटमा कार्यक्रम आउने उनको भनाइ थियो।

यिनै पाँच आधारमा केन्द्रित भएर प्राथमिकता निर्धारण गरिएको उनले बताए।

यी आधारमा सरकारले निर्धारण गरेको प्राथमिकताले आर्थिक वृद्धि, रोजगारी र नागरिकको जीवनस्तरमा सुधार ल्याउने उनको भनाइ थियो।

‘आर्थिक वृद्धि, रोजगारी, सामाजिक न्याय, उत्पादकत्वमा प्रतिस्पर्धात्मकता र नागरिकको जीवनस्तरमा गुणतन्मक सुधार ल्याउने आधार निर्माण गर्नेछ,’ वाग्लेले भने।

हुम्लाका पाँच पुल सञ्चालनमा

काँक्रेविहार संवाददाता

हुम्ला, ५ जेठ

कर्णाली करिडोर अन्तर्गत पर्ने सिमकोट-हिल्सा सडक खण्डमा तीन वटा पक्की पुल र दुई वटा बेलिब्रिज निर्माण सम्पन्न भएपछि यातायात सेवा थप सहज बनेको छ।

कर्णाली नदी तथा विभिन्न खोलामाथि पुल निर्माण भएपछि वर्षौंदेखि स्थानीयवासीले भोग्दै आएको आवतजावतको समस्या उल्लेखनीय रूपमा घटेको छ।

सिमकोट देखि हिल्सा जोड्ने सडक खण्ड कर्णाली प्रदेशकै महत्वपूर्ण रणनीतिक सडकका रूपमा लिइन्छ। विशेषगरी चीनसँगको सीमावर्ती क्षेत्रसम्म पहुँच विस्तार गर्न तथा स्थानीय जनजीवनलाई सहज बनाउन यो सडकले महत्वपूर्ण भूमिका खेल्दै आएको छ।

हिल्सा-सिमकोट सडक योजना प्रमुख बेलबहादुर नेपाली का अनुसार उक्त सडक खण्डमा निर्माण गरिएका पाँच वटा पुलमध्ये दुई वटा पक्की पुल चालु आर्थिक वर्षमै सम्पन्न भई सञ्चालनमा आएका हुन्।

यस वर्ष सम्पन्न भएका पुलमध्ये सिमकोट र नाम्खा गाउँपालिकाको सीमामा रहेको हेक्पा खोलाको पुल तथा नाम्खा गाउँपालिकास्थित ताक्रु खोलाको पुल मुख्य रहेका छन्।

यसअघि २०७३ सालमा तत्कालीन जिल्ला विकास समितिको कार्यालयले हिल्सामा कर्णाली नदीमाथि बेलिब्रिज निर्माण गरेको थियो। त्यस्तै, करिब छ वर्षअघि तुम्कोट क्षेत्रमा कर्णाली नदीमाथि अर्को बेलिब्रिज निर्माण गरिएको थियो। उक्त बेलिब्रिज हिल्सा-सिमकोट सडक योजनामार्फत निर्माण गरिएको हो।

त्यसैगरी एक वर्षअघि सल्ली खोला मा पक्की पुल निर्माण सम्पन्न गरिएको थियो। नाम्खा गाउँपालिकाको केन्द्र याल्वाङ खोला तथा वर्षायाममा बाढीपहिरोको जोखिम रहने ढाँडकेमी क्षेत्रमा दुई वटा कल्भर्टसमेत निर्माण गरिएका छन्।

संरचना सञ्चालनमा आएपछि वर्षायाममा सडक अवरुद्ध हुने समस्या कम भएको स्थानीयवासी बताउँछन्। योजना प्रमुख नेपालीका अनुसार पुल, बेलिब्रिज र कल्भर्ट सञ्चालनमा आएसँगै सिमकोट-हिल्सा सडक खण्डमा सवारी सञ्चालन थप सहज र सुरक्षित भएको छ।

खाद्यान्न, निर्माण सामग्री तथा दैनिक उपभोग्य वस्तुको ढुवानीमा समेत सकारात्मक प्रभाव परेको बताइएको छ।

यद्यपि, सिमकोट-हिल्सा सडकको ९५ किलोमिटर खण्डअन्तर्गत नाम्खा गाउँपालिका चार स्थित याङ्गार खोलामा पुल निर्माण कार्य भने अझै सम्पन्न हुन सकेको छैन। उक्त पुल निर्माण सुस्त गतिमा भइरहेको योजना कार्यालयले जनाएको छ।

यसैबीच, सिमकोटबाट इलिङ काँध हुँदै तुम्कोटसम्म र तुम्कोटदेखि हिल्ससम्म सडक चौडाइ विस्तार कार्य क्रमशः अघि बढाइएको छ।

सिमकोट-इलिङ काँध तथा तुम्कोट-हिल्सा खण्डको सडक चौडाइ विस्तार कार्य सम्पन्न भइसकेको छ भने इलिङ काँध देखि तुम्कोट सम्मको खण्ड विस्तार गर्न आगामी आर्थिक वर्षमा टेन्डर आह्वान गर्ने तयारी भइरहेको योजना कार्यालयले जनाएको छ।

स्थानीयवासीका अनुसार सडक र पुल निर्माणसँगै दुर्गम हुम्लामा यातायात पहुँच विस्तार हुनुका साथै आर्थिक तथा सामाजिक गतिविधिमा पनि सकारात्मक परिवर्तन देखिन थालेको छ।

आर्थिक पारदर्शितामा जगदुल्ला उत्कृष्ट

काँक्रेविहार संवाददाता

डोल्पा, ५ जेठ

जिल्लाका आठ स्थानीय तहमध्ये जगदुल्ला गाउँपालिका आर्थिक अनुशासन र बेरुजु न्यूनिकरणमा जिल्लामै अग्रस्थानमा देखिएको छ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/८२ को लेखा परीक्षण प्रतिवेदन अनुसार जगदुल्ला गाउँपालिकाको बेरुजु २२ लाख ७१ हजार रुपैयाँ (०.३६ प्रतिशत) मात्र रहेको छ। नीति, नियम र निर्देशिकाको कडाइका साथ पालना, आन्तरिक लेखापरीक्षण प्रभावकारी र शाखागत समन्वयका कारण बेरुजु न्यून भएको बताइएको छ। जिल्लाका अन्य स्थानीय तहमध्ये ठुलीभेरी नगरपालिका मा सबैभन्दा बढी चार करोड ६९ लाख ३१ हजार रुपैयाँ (४.६१ प्रतिशत) बेरुजु देखिएको छ। त्यस्तै डोल्पोबुद्ध गाउँपालिका



मा ०.९९ प्रतिशत, शे-फोक्सुण्डो गाउँपालिका मा १.४५ प्रतिशत, काइके गाउँपालिका मा १.५६ प्रतिशत, छार्का ताङसोङ गाउँपालिका मा १.८३ प्रतिशत, मुड्केचुला गाउँपालिका मा २.०६ प्रतिशत र त्रिपुरासुन्दरी नगरपालिका मा २.६८ प्रतिशत बेरुजु रहेको प्रतिवेदनमा उल्लेख छ। जगदुल्ला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भक्त बहादुर पाण्डे का अनुसार बजेट कार्यान्वयनमा अनुशासन, स्पष्ट निर्देशिका र आन्तरिक लेखा परीक्षण प्रभावकारी भएकाले बेरुजु न्यून भएको हो। त्यस्तै प्रशासकीय अधिकृत केशव राज पाण्डे ले धेरैजसो बेरुजु पेश्की स्वरूप रहेको र फछ्यौंटपछि अझै घट्ने बताए।

गाउँपालिका अध्यक्ष नारासिं रोकाय ले आर्थिक पारदर्शिता र सुशासनलाई प्राथमिकतामा राख्दै बेरुजु शून्यमा झार्ने लक्ष्यका साथ काम भइरहेको बताए। गत वर्ष पनि जगदुल्ला गाउँपालिका जिल्लामै कम बेरुजु हुने स्थानीय तह बनेको थियो। यस वर्ष भने यो उपलब्धि कर्णाली प्रदेशमै उत्कृष्टमध्ये पर्ने रूपमा देखिएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

पोषण कार्यक्रम कार्यान्वयनमा समीक्षा

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ५ जेठ

सुर्खेत जिल्लाका नौ वटै स्थानीय तहमा बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रभावकारिताका बारेमा समीक्षा गरिएको छ। प्रदेश योजना आयोगले ४ र ५ जेठमा भएको समीक्षा गोष्ठिमा केयर नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सुन्दर नेपाल संस्थामार्फत सञ्चालित पोषण परियोजनाको प्रभावकारिताका बारेमा समीक्षा गरिएको थियो। कार्यक्रमको मुख्य उद्देश्य



बहुक्षेत्रीय पोषण कार्यक्रमलाई कागजी नीति मात्र नभई स्थानीय तहसम्म व्यवहारिक रूपमा कार्यान्वयन गर्नु, पोषणमैत्री स्थानीय शासनलाई संस्थागत बनाउनु, तथा स्वास्थ्य, शिक्षा, कृषि, खानेपानी र सरसफाइ क्षेत्रबीच समन्वय मजबुत बनाउँदै बाल तथा मातृ पोषण सुधार गर्नु रहेको आयोजकले जनाएको छ। गोष्ठीमा सुर्खेत जिल्लाका नौ वटै स्थानीय तहका प्रमुख, उपप्रमुख, सम्बन्धित पालिकाका पोषण शाखा प्रमुख तथा विषयगत शाखाका कर्मचारीहरूको सहभागिता थियो। सहभागी सबै स्थानीय तहहरूले बहुक्षेत्रीय पोषण कार्यक्रमलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्दै पोषणमैत्री स्थानीय शासनलाई संस्थागत बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्। साथै, आगामी दिनमा पोषण सुधारलाई दीगो बनाउन स्थानीय तह, प्रदेश सरकार र विकास साझेदारबीच अझ प्रभावकारी समन्वय आवश्यक रहेको निष्कर्ष निकालिएको छ।

वडा अध्यक्षको धर्ना फिर्ता, फर्किए घर

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ५ जेठ

कर्णालीको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गेटमा शुक्रबारदेखि धर्ना बसेका सल्यानको कालीमाटी गाउँपालिका-७ का वडाध्यक्ष मित्रलाल रिजालले धर्ना फिर्ता लिएका छन्।

सोमबार मुख्यमन्त्री कार्यालयका अधिकारीहरूले उनले राखेका मागका विषयमा सम्बन्धित निकायलाई पत्राचार गरेसँगै उनले धर्ना फिर्ता लिएका हुन्। रिजालको सुर्खेतसँगै सीमा जोडिएको बबई क्षेत्रबाट उनको वडामा जोड्ने बबई-स्वामीबास-घुइयाबारी सडकको स्तरवृद्धि गरिदिनुपर्ने उनको प्रमुख माग थियो।

यो सडक कोहलपुरदेखि सुर्खेत जोड्ने रत्न राजमार्ग अन्तर्गत बबईदेखि उत्तरतर्फ पर्छ। भेरी-बबई डाइभर्सनको किनारै किनार १८ किलोमिटरमा उक्त सडक उनको वडामा प्रवेश गर्छ। उक्त सडकबाट सुर्खेतको भेरीगंगा नगरपालिका-५, सल्यानको कालीमाटीका ४, ६ र उनको ७ नम्बर जनता लाभान्वित हुनेछन्।

धाम लाग्दा धुलाम्य र पानी पर्दा हिलाम्य हुने उक्त सडक वर्खामा बन्द हुने अवस्था छ। उनको प्रमुख माग प्रदेश सरकारले यही सडकमा बजेट विनियोजन गरिदिओस् भन्ने थियो। उनले पटक-पटक प्रदेश सरकारलाई अनुरोध गर्दा पनि बजेट नआएपछि धर्ना बस्न आएको बताएका थिए। सोमबार छलफल पश्चात् उक्त सडकबारे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सडक हेर्ने भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयलाई आवश्यक सहजीकरण प्रक्रिया अघि बढाइदिन पत्राचार गरेको छ।

यस्तै, उनको टेलिफोन टावरको समस्याको विषयमा नेपाल दुरसञ्चार प्राधिकरण र टेलिकम तथा विद्युत्को समस्याको विषयमा विद्युत् प्राधिकरण कार्यालयलाई पत्राचार गरिदिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारी सुरेन्द्रबहादुर शाहीले बताए।

SOS CHILDREN'S VILLAGES

Vacancy announcement

एसओएस बालग्राम नेपाल अन्तर्गतका कार्यक्रम तथा परियोजना क्षेत्रहरूमा "**कार्यक्रम आवश्यकता अध्ययन** (Programme Needs Assessment)" कार्य सम्पन्न गर्नका लागि **गणकहरु** (Enumerators) को आवश्यकता भएकोले तोकिएको योग्यता पुगेका इच्छुक उम्मेदवारहरूबाट आवेदन आह्वान गरिन्छ। यस कार्यका लागि आवेदन दिन इच्छुक उम्मेदवारहरूले एसओएस बालग्राम सुर्खेत लाई सम्बोधन गरिएको निवेदन तथा तल उल्लेखित आवश्यक कागजातहरूसहित मिति २०८३ जेठ ११ गते (तदानुसार मे २५, २०२६) साँझ ५:०० बजेभित्र तल उल्लेख गरिएको कार्यालयमा आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ।

पद	आवश्यक संख्या	शैक्षिक योग्यता	आवश्यक योग्यता तथा अनुभव
गणक	तीन (३)	कक्षा १२ उत्तिर्ण वा माथिल्लो तहमा अध्ययनरत	- नेपाली तथा अंग्रेजी भाषामा उत्कृष्ट सञ्चार क्षमता भएको साथै कम्प्युटर अनुप्रयोगमा दक्षता र ज्ञान भएको। - फिल्डमा आधारित सर्वेक्षण कार्यको अनुभव भएको। - स्थानीय भाषा बुझ्ने तथा बोल्न जान्ने। - KOBO Toolbox जस्ता एन्ड्रोइडमा आधारित डाटा संकलन अनुप्रयोगहरू प्रयोग गर्न जान्ने, वा अनुभव भएको। - दुर्गम क्षेत्रहरूमा यात्रा गर्न इच्छुक उम्मेदवारलाई प्राथमिकता दिइनेछ।

पारिश्रमिक तथा अन्य सुविधाहरू :

- फिल्ड कार्यमा परिचालित हुंने अवधिका लागि दैनिक रु. ३,००० (कर सहित) प्रदान गरिनेछ। यसमा खाना तथा बसोबास खर्च समावेश हुनेछ।
- सञ्चार खर्चबापत एकमुष्ट रु. ५०० प्रदान गरिनेछ।
- ३० दिनसम्मको दुर्घटना बीमा सुविधा एसओएस बालग्रामले सुनिश्चित गर्नेछ।
- स्थानीय यात्राका लागि कार्यालयको सवारी साधन वा सार्वजनिक यातायातमार्फत व्यवस्था गरिनेछ।
- टाढा तथा दुर्गम क्षेत्रका लागि अतिरिक्त सुविधा उपलब्ध गराइनेछ।

उमेर : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको

आवेदन प्रक्रिया र संलग्न गर्नुपर्ने कागजात तथा विवरणहरू :

- योग्यता पुगेका, इच्छुक उम्मेदवारहरूलाई निम्न कागजातहरू संलग्न गरी आवेदन दिन अनुरोध गरिन्छ।
- **निवेदन (Cover Letter) तथा Application Form**, अद्यावधिक Curriculum Vitae (CV), शैक्षिक प्रमाणपत्रहरूको प्रतिलिपि (नेपाल बाहिर अध्ययन गरेको भए सम्बन्धित सरकारी निकायबाट समकक्षता प्रमाण सहित), नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) कार्डको प्रतिलिपि, हालसालै खिँचिएको पासपोर्ट साइजको फोटो (२ प्रति), सम्पर्क ठेगाना र फोन नम्बर, आफूलाई राम्ररी चिन्ने र आफ्नो बारेमा जानकारी दिन सक्ने दुई जना व्यक्तिको नाम र फोन नम्बर।

नोटः Cover Letter र Application Form सम्बन्धित टेम्प्लेटहरू www.sosnepal.org.np/notice बाट डाउनलोड गर्न सकिनेछ वा तल उल्लेखित कार्यालय ठेगानाबाट पनि प्राप्त गर्न सकिनेछ।

- आवेदन इमेल वा भौतिक रूपमा दुवै माध्यमबाट पेश गर्न सकिनेछ।
- इमेल मार्फत आवेदन पठाउँदा विषय (Subject) मा "Application for Enumerator - Programme Needs Assessment-Surkhet उल्लेख गर्नुपर्नेछ।
- आवेदन तोकिएको ठेगानामा मिति २०८३ जेठ ११ गते (तदानुसार मे २५, २०२६ तारिख), साँझ ५:०० बजेसम्म बुझाइसक्नु पर्नेछ।
- तोकिएको मिति र समयपछि प्राप्त हुने आवेदनहरू मान्य हुने छैनन् साथै, एउटै उम्मेदवारले एकभन्दा बढी पटक आवेदन पेश गरेमा आवेदन स्वतः रद्द हुनेछ।

एसओएस बालग्राम सुर्खेत
बीरेन्द्रनगर नगरपालिका वडा नं ४, कालागाँउ सुर्खेत
सम्पर्क नम्बरः ०८३-५२०३६६
Email address: cv.surkhet@sosnepal.org.np

डढेलो नियन्त्रण गरौं,

- सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
- डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

त्यसैले डढेलोबाट जोगिन:

- वन क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरू सुरक्षित रूपमा व्यवस्थापन गरौं,
- चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं,
- डढेलो विरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- बन संरक्षणमा योगदान दिऔं ।

कर्णाली प्रदेश सरकार
उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय दैलेख
दैलेख

सरसफाई सम्बन्धी जनहितमा जारी सन्देश

पढौं, सोचौं तथा व्यवहारमा अबलम्बन गरी असल नागरिकको परिचय दिऔं,

साबुन पानीले अनिवार्य रूपमा हातधुने बानी बसालौं ।

- चर्पीको प्रयोगपछि
- खाना बनाउनु, पस्कुन र खुवाउनु अघि
- कुनै फोहोर कुरा/बिषादी छोएपछि
- बिरामी तथा बच्चाको स्याहार गर्न अघि र पछि

स्वच्छ, सफा, सुन्दर वातावरण बनाऔं, असल नागरिक बनौं

- खानेपानीको मुहान, स्रोत धारा संरक्षण तथा सफा राखौं
- खुल्ला स्थानमा दिसा, पिसाब नगरौं
- घर-आगन उद्यान, बाटो लगायत सार्वजनिक स्थान सफा राखौं
- फोहोरमैलाको उचित व्यवस्थापन गरौं

स्वच्छ, सफा पिउने पानीको मात्र प्रयोग गरौं

- शुद्धिकरण गरेको पानी मात्र पिउने गरौं
- शुद्धिकरण गर्ने चार घरेलु उपायहरु (उमालेर, फिल्टर गरेर, क्लोरिन हालेर, सोडिस गरेर
- शुद्ध पिउने पानी प्रयोग गरी झाडापखाला, आउँ, रगतमासी, हैजा, जुका, ग्यादेज्वरो आदी जस्ता रोगबाट बचौं

खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय
दैलेख

डढेलो नियन्त्रण गरौं,

- सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
- डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

त्यसैले डढेलोबाट जोगिन:

- वन क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरू सुरक्षित रूपमा व्यवस्थापन गरौं,
- चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं,
- डढेलो विरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- बन संरक्षणमा योगदान दिऔं ।

कर्णाली प्रदेश सरकार
उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय कालीकोट
कालीकोट



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५९१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)